**Magar Association United Kingdom (MAUK)**
70 Cove Road
Farnborough, Hampshire GU14 0EN
Established: 27 July 2002
**www.magaruk.org**
E: generalsecretarymauk@gmail.com
Registered Charity
No: 1126656

REF: MAUK/GEN/008

03 June 2022

# प्रेस विज्ञप्ति

नायिका मिरुना मगरमाथि भएको दुर्व्यबहार र त्यसपछि उत्पन्न प्रतिक्रियाप्रति यस मगर संघ युके केन्द्रीय समितिको गम्भीर ध्यानाकर्षण भएको छ। नायिका मगरमाथि सार्वजनिक स्थलमा भएको दुर्व्यबहारका बारेमा सम्बन्धित पक्षहरुबीच एक आपसमा छलफल भई लिखित सहमति पनि भइसकेको थियो। दुवै पक्षले एक–अर्काको कमजोरी महसुस गरी विषयलाई टुङ्ग्याएर अगाडी बढिसकेका थिए।

समाधान भइसकेको सो विषयलाई केही व्यक्तिहरुले आफ्नो कुत्सित स्वार्थ पूर्तिका लागि जातीय र धार्मिक रङ्ग पोत्ने र एक जाति विरुद्ध अर्को जातिलाई उचाल्ने दुस्प्रयास गर्दै गरेको हामीले पाएका छौँ। मगर संघ युके सामाजिक, धार्मिक सहिष्णुतामा खलल पुर्याउने यस्ता घृणित कार्यको घोर भत्र्सना गर्दछ। साथै सम्बन्धित पक्षहरुलाई यस्ता कार्य तत्काल बन्द गर्न समेत अपील गर्दछ।

मगर संघ युके यस संवेदनशील अवस्थामा संयमता अपनाउन आफ्ना सदस्यहरुलाई हार्दिक अनुरोध गर्दछ। यदि सामाजिक सद्भाव भड्काउने कार्य जारी रहेमा त्यस्ता कार्यको प्रतिकारमा उत्रन समेत पछि नपर्ने चेतावनी सम्बन्धित पक्षमा दिन चाहन्छ।

सीता पुन मगर
अध्यक्ष

गुमानसिंह थापा मगर
महासचिव